म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८० शुक्रबार २७ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 10 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चौथो वार्षिक साधारणसभा सम्बन्धमा**

यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि. हेटौंडा-१० को १४ औं वार्षिक साधारण सभा तपशिल अनुसार हुन गइर हेको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई गरिमामय अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**
**मिति:** २०७९ माघ २९ गते
**समय:** बिहान ८:०० बजे
**स्थान:** रोयल पार्टी प्यालेस, हेटौंडा-४ नयाँ हल
(**नोट:** खाना खाजाको व्यवस्था गरिएको छ ।)

सुनिल कुमार न्यौपाने (सचिव)
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर

## एउटै मन्त्रालय दुई ठाउँमा सञ्चालन

**श्रीजना नेपाल**

हेटौंडा, २६ माघ/ बागमती प्रदेशमा एउटै मन्त्रालय दुई ठाउँबाट सञ्चालन भइरहेको पाइएको छ ।

प्रदेश सरकारको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय दुई ठाउँबाट सञ्चालन भइरहेको पाइएको हो । करिव ५ सय मिटरको दुरीमा नै रहेको फरक-फरक दुईवटा भवनमा एउटै बोर्ड राखेर मन्त्रालय सञ्चालन भइरहेको छ । विभाजित मन्त्रालय गाभिएपछि एउटै मन्त्रालय फरक फरक ठाउँबाट सञ्चालन भइरहेको छ । मन्त्रालय र कर्मचारीहरुबीच समन्वय नहुनुको साथै सरकारले पनि चाँसो नदिँदा ५ सय मिटरकै दुरीमा एउटै मन्त्रालयको बोर्ड झुण्ड्याएर फरक फरक कर्मचारीले काम गरिरहेका छन् । हेटौंडा-४ हुप्राचौरमा तत्कालिन भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र संस्कृति तथा पर्यटन मन्त्रालय रहेको भवनमा पुरानो मन्त्रालयको बोर्ड हटाएर अहिले ३ वटा मन्त्रालय मिलेर बनेको बोर्ड राखिएको छ । दुवै ठाउँमा बसेर कर्मचारीहरु काम गरिरहेका छन् । तर, यस विषयमा उनीहरु आफै अनविज्ञ रहेको बताउँछन् ।



गत माघ १० गते बसेको प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले तत्कालिन १४ वटा मन्त्रालयलाई कटौती गर्दै ११ वटामा झार्ने निर्णय गरेको थियो । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सत्तारोहण गरेलगत्तै मन्त्रालयको संख्या घटाउने निर्णय गरेका थिए । उनले प्रमुख सचिव मुकुन्द प्रसाद निरौलाको संयोजकत्वमा मन्त्रालयको संख्या निर्धारण कार्यदल बनाएका थिए । कार्यदलले उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र भुमी व्यवस्था तथा सहकारी मन्त्रालय कटौती गर्न सरकारलाई सुझाव दिएको थियो । कार्यदलको सुझाव अनुसार सरकारले यी ३ वटा मन्त्रालयलाई गाभेर एउटै मन्त्रालय बनाएको थियो । सरकारले ३ वटा मन्त्रालयलाई गाभेर पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय बनाएको दुई साताभन्दा बढि हुँदा मन्त्रालय गाभिएर एकै स्थानमा हुनुपनेमा दुई ठाउँबाट सञ्चालन भइरहेको पाइएको छ ।

बिहिबार तत्कालिन सस्कृति तथा पर्यटन मन्त्रालय रहेको भवनबाट मन्त्रालयका सचिव मदन कोइराला निस्किरहेका थिए । उनलाई एउटै मन्त्रालय दुईतिर किन राखियो भन्ने प्रश्न गर्दा सुरुमा उनले दुईतिर राखेको कुरा अस्वीकार गरे । 'अहिले ३ वटा मन्त्रालय गाभिएपछि बनेको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको भवन यही हो । अन्तबाट मन्त्रालय सञ्चालन भएको छैन', उनले भने । तर,पछि पुरानो सहकारी मन्त्रालय रहेको भवनमा पनि सोहि मन्त्रालय सञ्चालन भइरहेको कुरालाई उनले झुक्किएको भन्दै स्वीकार गरे । उनले मन्त्रालय कताबाट सञ्चालन गर्ने भन्ने विषयमा कर्मचारीहरु झुक्किएको हुनसक्ने भन्दै हटाउन लगाउने बताए । उनको प्रतिक्रिया सुनेर सोहि मन्त्रालयको कर्मचारीहरु भने खित्का छोडेर हासिरहेका थिए । कर्मचारीहरुले गम्भिर त्रुटि भएको भन्दै स्वीकार गरे ।

तत्कालिन भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव नारायण प्रसाद ज्ञवाली मन्त्रालय गाभिएपछि कहाँबाट सञ्चालन हुने भन्ने विषय स्पष्ट नहुँदा दुईतीरबाट सञ्चालन हुन पुगेको हुनसक्ने बताउँछन् । '३ वटा मन्त्रालय एक आपसमा गाभिएपछि कहाँबाट सञ्चालन हुने भन्ने भएर झुक्किएको हुनसक्छ । हामी तत्काल यहाँबाट मन्त्रालयको बोर्ड हटाउछौं', उनले भने । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव मुकुन्द प्रसाद निरौलाले दुई स्थानबाट एउटै मन्त्रालय सञ्चालन भइरहेको विषयमा आफूलाई जानकारी नभएको बताए । उनले एउटै मन्त्रालय दुई ठाउँबाट सञ्चालन गर्न नमिल्ने भन्दै एउटा मन्त्रालय हटाइने बताए ।

०७८ कात्तिक ११ गते बागमती प्रदेशमा कांग्रेसको नेतृत्वको गठबन्धनको सरकार बनेको थियो । सरकारको नेतृत्व नेकपा एकिकृत समाजवादीका उपाध्यक्षसमेत रहेका राजेन्द्र पाण्डेले गरेका थिए । ३ दलको समर्थनमा मुख्यमन्त्री बनेका उनले दलहरुबीच भागवण्डा पुर्‍याउनैको लागि ८ वटा मन्त्रालयलाई विभाजन गरेर १४ पुर्‍याएका थिए । मन्त्रालय फुटाएको भन्दै सरकारको चर्को विरोध भएपछि वर्तमान मुख्यमन्त्रीले सत्तारोहण लगत्तै मन्त्रालयको संख्या घटाउने निर्णय गरेका थिए । तर, दलहरुबीचको सत्ता स्वार्थको कारण मन्त्रालय घटाउने र बढाउने खेल हुँदा मन्त्रालय र कर्मचारीहरु बीच असन्तुष्टि बढेको देखिन्छ । जसले गर्दा एकअर्कामा समन्वय नहुँदा एउटै मन्त्रालय दुई ठाउँबाट सञ्चलन भइरहेको छ ।

## बागमतीका कृषिमन्त्रीसँग विदेशी तरकारी रोक्न माग

**साझाकुरा संवाददाता**

हेटौंडा, २६ माघ/ भारतलगायतका तेस्रो मुलुकबाट तरकारी आयातका कारण नेपालमा उत्पादित तरकारी बिक्री नभएको झोकमा आन्दोलित किसानहरुले बागमतीका कृषिमन्त्रीको ध्यानाकर्षण गराएका छन् ।



विगत केही दिनदेखि देशका मुख्य सहरहरुमा किसानहरुले उत्पादित तरकारी सडकमै फालेर सरकारलाई विदेशी तरकारी आयातमा रोक्न लगाउन दबाब दिइरहेका छन् । नेपालमा भारत सहित अन्य मुलुकमा उत्पादित तरकारीहरु आयात भइरहेका छन् । जसमध्ये ठूलो परिमाणका तरकारी भारतबाट आयात हुँदै आएको छ । बिहीवार बागमतीका कृषि तथा पशुपन्छी विकास मन्त्री केशवप्रसाद पोखरेललाई किसानहरुले विभिन्न माग राखी ज्ञापन पत्र बुझाएका छन् । किसानहरुले स्वदेशी तरकारी तथा कृषिजन्य उत्पादनलाई प्रोत्साहन गरी विदेशी आयतीत तरकारी तथा कृषि जन्य बस्तुलाई निषेधित माग गरेका हुन् ।

बागमती प्रदेशका १३ जिल्लामध्ये कृषि उत्पादनमा अब्बल चितवनका तरकारी किसानहरुले बिचौलियाको कारण तरकारी उत्पादक किसानले मुल्य नपाउने तर उपभोक्ताले बढी मुल्य तिर्नु परेको गुनासो मन्त्रीहरुलाई राखेका हुन् । यसअघि चितवनमै किसानहरुले सडकमा आन्दोलन गरेका थिए । किसानले सरकारी बीमा संस्थानबाट नै तरकारी तथा कृषिजन्य बस्तु र किसानको स्वत बीमा गर्ने व्यवस्था गरिनुपर्ने, सरकारको माताहतमा रहेको बाँझो जमिनहरुमा खेती गर्ने व्यवस्था गरिनुपर्ने लगायतको माग गरेका हुन् ।

तत्कालिन अवस्थामा रहेको अनुदान नीति खारेज गरि उत्पादन र आधारमा अनुदान दिने नीति ल्याउनु पर्ने, तरकारी तथा कृषि व्यवसायलाई औद्योगिकिरण गर्ने नीति निमार्ण गरी तत्कालै लागू गर्नुपर्ने, गुणस्तरीय बीउ बिजन, विषाधी र रासायनिक मलको सर्वसुलभ र निर्वाद रुपमा किसानको पहँचमा पुग्ने र सरकारी तवरबाट अनुगमन र प्रमाणिकरण गर्ने व्यवस्था गर्नुपर्ने माग किसानहरुको छ । प्रदेश सरकारले तरकारी तथा कृषिजन्य बस्तुहरुमा लागत मूल्य भन्दा बजार मुल्य कम गर्ने योजना ल्याएको र आगामी दिनमा किसानलाई प्रोत्साहन प्राप्त हुने कृषि मन्त्री पोखरेलले बताए ।

## अपराध नियन्त्रण सम्बन्धि सचेतनामुलक गोष्ठी

**साझाकुरा संवाददाता**

हेटौंडा, २६ माघ/हेटौंडामा एक दिवसीय अपराध नियन्त्रण सम्वन्धि सचेतनामुलक गोष्ठी गरिएको छ ।

सव डिभिजन वन कार्यालय, हेटौडाको आयोजनामा रातोमाटेमा एक दिवसीय अपराध नियन्त्रण सम्वन्धि सचेतनामुलक गोष्ठी गरिएको हो । कार्यालयको चालु आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा वनमा हुने विभिन्न प्रकारका अपराधहरुलाई नियन्त्रण गर्ने उद्देश्यका बारेमा सहजीकरण गरिएको थियो ।

सव डिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख रामचन्द्र श्रेष्ठ र फरेष्टर यदु कुमार घिमिरेले सहजीकरण गरेको गोष्ठीमा हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मुक्तानले सबैको सामुहिक प्रयासबाट मात्रै अपराध नियन्त्रण हुने बताए । उनले सबै प्रकारका अपराध न्यूनीकरण गर्न जनप्रतिनिधी, सुरक्षा निकाय, सामुदायिक वन,सञ्चारकर्मी, नागरिक समाजको भूमिका महत्वपूर्ण हुने हुँदा सबैको हातेमाले आवश्यक रहेकोमा जोड दिए ।

यस्तै गोष्ठीमा अपराध नियन्त्रण गर्न शिखरपानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चन्द्र बहादुर पाखिनको संयोजकत्वमा ९ सदस्यीय अपराध नियन्त्रण सञ्जाल गठन गरिएको छ । समितिको सदस्यहरुमा बालकुमारी थापा, केशव प्रसाद न्यौपाने, सूर्य बहादु घलान, ईश्वर पाखिन, लक्ष्मी श्रेष्ठ, रामजी लो, पदम बहादुर लो र सोम बहादुर लामा रहेका छन । गोष्ठीमा विभिन्न सामुदायिक वनका पदाधिकारी, सुरक्षाकर्मी र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## सहीद स्मृति गोल्डकपमा १२ टिम सहभागी हुने

हेटौंडा, २६ माघ/यही माघ २८ गतेबाट सुरु हुने पाँचौ संस्करणको स्थानीय तह सहीद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा १२ टिम सहभागि हुने भएका छन् ।

आयोजक मकवानपुर जिल्ला फुटबल संघले विहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै प्रतियोगितामा १२ टिम सहभागि हुने जानकारी दिएको हो । माघ २८ गतेबाट सुरु हुने प्रतियोगिता फागुन १० गतेसम्म सञ्चालन हुनेछ । गत वर्ष पनि प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको थियो ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगिताको विजेताले १५ लाख र उपविजेता टिमले नगद १० लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई बुलेट मोटरसाइकल प्रदान गरिनेछ । आयोजक संघका अध्यक्ष टीकाराम लामाका अनुसार विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले जनही नगद २५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । प्रत्येक खेलको म्यान अफ द म्याचले नगद १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । मकवानपुर गोल्डकपको चौथो संस्करण त्रिभुवन आर्मी क्लवले जितेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३२३



साझाकुरा

## हाम्रो कुरा

# मन्त्रीको प्रतिबद्धता आइरहने, कृषकलाई मल अभाव भइरहने

नेपाली राजनीतिमा झुठो आश्वासन र प्रतिबद्धता यति सस्तो छ कि कस्ले कति बढी आश्वासन दिने र कस्तो बढी प्रतिबद्धताहरु व्यक्त गर्ने । नयाँ सरकार गठनसंगै न्यूनतम साझा कार्यक्रमको नाममा विभिन्न खालका आश्वासन र प्रतिबद्धताहरु केन्द्र सरकारले दिन्छ । केन्द्र सरकारले हरेक वर्षको वार्षिक योजना सार्वजनिक गर्ने क्रममा शिक्षा, स्वास्थ्य, रोजगार, भौतिक पूर्वाधार निर्माण, गौरबका योजनालगायत क्षेत्रमा सिलसिलेवाररुपमा सयौं बुँदामा प्रतिबद्धता र घोषणाहरु गरिन्छ । जब अर्धवार्षिक समीक्षा हुन्छ अनि ती सबै संशोधनमा पर्छन् । योजना संशोधन भइरहँदा ती योजनाहरु पनि सुरुवात नभई अर्को आर्थिक वर्षमा नयाँ प्रतिबद्धता र घोषणाको रुपमा पुन: जनतामाझ आइ नै रहेका छन् । त्यसै सन्दर्भमा बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्क्षी विकास मन्त्री केशव पोखरेलले ४४ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेको समाचार बाहिरिएको छ ।

कृषि मन्त्री पोखरेलको ४४ बुँदे प्रतिबद्धतामा 'प्रदेशभित्रका कृषकहरुलाई सहज र सर्वसुलभ रासायनिक, प्राङ्गारिक तथा जैविक मल उपलब्ध गराउन तत्काल कार्ययोजना तयार पार्ने' कामलाई पहिलो प्राथमिकतामा राखेका छन् । कृषि क्षेत्रमा लामो समयदेखि रहेको यो समस्या अहिलेसम्मका कृषि मन्त्रीहरुले धेरैपटक आश्वासन दिए पनि पूरा नभएको काम हो । मन्त्री हुनेवित्तिकै कृषकलाई परेको समस्यामा चासो दिएको जस्तो गर्ने तर, काम पटक्कै नहुने हुँदा यस्ता प्रतिबद्धताहरुलाई जनताले खासै विश्वास गरेको पाइँदैन । संघीय सरकारबाट १७ हजार मेट्रिक टन मलको कोटा पाएको बागमती प्रदेश सरकारले आफ्नो कृषकहरुलाई आवश्यक मलको कोटा तय गरेर केन्द्र सरकारसंग पहल गरेर कोटा बढाएको समाचार सुन्न पढ्न जनता आतुर छन् । तर, मन्त्री भएको यतिका दिनपछि 'कोटा बढाउन पहल गर्ने' प्रतिबद्धता बाँडेर बसेका छन् । अनि जनताले के विश्वास गर्ने ?

प्रतिबद्धताको बुँदाहरु बढाउने भन्दा प्रदेशमा आफ्नो मन्त्रालयमा देखिएका विविध समस्यामध्ये तत्काल गर्नुपर्ने, अल्पकालमा गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने कामको विवरण तयार गरेर सोही अनुसार काम गर्ने हो भने धेरै काम हुने देखिन्छ । जनतालाई सरकारबाट धेरै संख्याको कामभन्दा आफूलाई परेको अप्ठ्यारो फुकाउन सके एउटै काम पर्याप्त हुने देखिन्छ । कृषकहरुलाई पनि त्यही हो । ४४ बुँदे प्रतिबद्धताभन्दा पनि मलको समस्या यो बागमती सरकारको कृषि तथा पशुपन्छी मन्त्रालयले पूरा गरोस्, सबै किसानले उक्त मन्त्रालयको जयजयकार गर्ने अवस्था छ । त्यसैले आफैंले गरेको प्रतिबद्धता आफैंले बिर्सने गरी धेरै बुँदे प्रतिबद्धता जाहेर गरिरहने काम भने केही पनि नहुने सँस्कारको अब अन्त्य हुनुपर्छ । नत्र भने मन्त्रीको प्रतिबद्धता आइरहने, कृषकलाई मल अभाव भइरहने पुरानै रोग कृषकमाझ ज्यूँकात्यूँ रहिरहन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २८ गते शनिबार ११ फेब्रुअरी २०२३ । षष्ठी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढ्नाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानी |

# अफवाहको भुमरीमा नागरिक उड्डयन प्राधिकरण



✍ प्रकाश शर्मा

माघ १ गते पोखरामा जहाज दुर्घटना भयो । चालक दलसहित ७२ यात्रु भएको जहाज पोखराका नयाँ र पुरानो विमानस्थलको बीचमा पर्ने सेतीको खोंचमा खस्यो । उक्त दुर्घटनापछि सबैको मनमा धेरै प्रश्नहरू उब्जे । ती प्रश्नलाई मत्थर गर्न र भविष्यमा सो किसिमका दुर्घटना न्यूनीकरण गर्न पूर्वसचिव तथा नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक नगेन्द्र घिमिरेको नेतृत्वमा विज्ञ सम्मिलित छानबिन समिति गठन भयो । समितिले काम सुरु गरिसकेको छ ।

यहीबीचमा उड्डयन क्षेत्रका धेरै विश्लेषक/विज्ञहरू देखापरे । दुर्घटना भएको बेलामा जहाजसँग सम्बन्धित तथ्य आउनु स्वाभाविक नै हो । यो क्षेत्र बुझ्दै गरेको म जस्ता विद्यार्थीलाई यो एकदम चासोको बिषय नहुने कुरै भएन । भएभरका न्यूज च्यानलहरू दोहोर्‍याई-दोहोर्‍याई हेर्दै तिनलाई फरक फरक कोणबाट हेर्न थालें । अवकाशप्राप्त पाइलट, इन्जिनियरदेखि प्राधिकरणका उच्च पदस्थहरूसम्म मिडियामा छाए ।

यो क्षेत्रमा काम गर्ने बहालवालाहरू प्रचलित कानुनको सम्मान गरेर मौन देखिए । कि प्रवक्ता बोले कि संस्थाको आधिकारिक विज्ञप्ति मात्र आयो । यदि आउन मिल्ने भए दुर्घटनाग्रस्त जहाजको कम्पनी, एटीआर निर्माण कम्पनी लगायतहरू अग्रस्थानमा पर्ने थिए । अफवाह रोक्न सक्दा आफ्नो बजारलाई जोगाउन उनीहरू सफल हुन सक्थे । व्यापारिक क्षति न्यूनीकरणको पहल गर्न सक्थे । जहाजको हालतदेखि त्यसबारे सबैभन्दा धेरै जानकारी उनीहरूसँगै बढी हुन्छ । जनमानसमा अहिलेजति भ्रमको सञ्चार हुनेथिएन ।

नेपालले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको एक सदस्यको हैसियतले आफ्नो कानुन र नागरिक उड्डयन संगठनको एनेक्स (कानुन) बमोजिम एक छानबिन कमिटि गठन गर्‍यो । यद्यपि आफूलाई यसै क्षेत्रका जानाकार दाबी गर्नेहरूले पनि उक्त कमिटीको निर्णय कुर्न आवश्यक ठानेनन् । यूरोपियन युनियनले भनेअनुसार संस्था टुर्क्याउन नसक्दा दुर्घटना भएको भन्नसम्म भ्याए ।

६३ वर्षमा आन्तरिकतर्फ भएको भयानक दुर्घटना भनिरहँदा ती बोल्ने मध्येका विज्ञहरू सबैभन्दा धेरै व्यवस्थापनमा काम गरेका र मिल्ने जति अन्तर्राष्ट्रिय सेमिनार, तालिमहरू गर्न भ्याएका मध्ये पर्दछन भन्ने यथार्थ धेरै पाठक/दर्शकलाई थाहा नहुन सक्छ । यतिसम्म कि आफैं अधिकृतबाट संगठनको नेतृत्वसम्म गरेका पात्रहरू त सेवानिवृत्त हुनासाथ कुनै कन्सल्टेन्सीको कामदारका रूपमा प्राधिकरण छिर्छन् । अनि कन्सल्टेन्सीकै भाषामा यसो र उसो गर्नुपर्छ भन्छन् । उनीहरूले आफैंलाई प्रश्न किन गर्दैनन् कि जिम्मेवारीमा रहँदा मैले यो संस्थाको पक्षमा किन काम गर्न सकिनँ ?

आफू नेतृत्वमा रहँदा आफ्नो क्षेत्राधिकार खुम्चिने र कमिसन गुम्ने डरले सुधारका कुनै काम नगर्ने, अनि आज कन्सल्टेन्सीमा काम पक्का गरेपछि यो हुनुपर्छ र त्यो हुनुपर्छ भन्दै मिडिया क्याम्पेन गर्दै हिंड्ने ? वास्तवमा, उनीहरूकै नेतृत्वको पालामा हो नेपालको उडान सुरक्षा खस्केको । पाइलटदेखि हरेक सेफ्टी वर्करहरूलाई हिंसा उनीहरूकै कार्यकालमा भयो । एक वर्षअघि राजीनामा दिएका पाइलटले त्यही कम्पनीमा कस्तो उडान सुरक्षाको प्रत्याभूति गराउँछ ? आफ्नो कार्यकालमा उनीहरूले उडान सुरक्षा विज्ञ जन्माउने के काम गरे ? अब हामीले यहाँनेर बहस गर्नुपर्छ ।

संस्थामा दक्ष जनशक्ति उत्पादन गर्ने क्षमता ह्रास आएको धेरै भइसक्यो । तपाईंहरूले विज्ञताले यसमा किन काम गरेन ? आखिर विदेश जाने कोटामा तपाईंहरूको सानो समूहको सिन्डिकेट नै थियो । अवकाश प्राप्त गर्ने बेलामा पनि विज्ञता बढाउन विदेश शयर गर्न छाड्नुभएन । संस्थाको वृत्तिविकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दा आफू पछि परिन्छ जस्तो तपाईंहरूलाई लाग्यो कि ?

जहाज दुर्घटना तपाईंको विज्ञता प्रदर्शन गर्ने शुभ अवसर हो ? मानौं, तपाईहरूका लागि दसैं आयो । यूरोपियन युनियनको एजेन्डा बोकेर तपाईंहरूले नेपालको उड्डयन क्षेत्रलाई तहसनहस पारेको हामीले बिर्सिएका छैनौं ।

हामीलाई थाहै छ, अरुभन्दा सुरक्षित हवाई यातायात नै हुन्छ । ठूलो लगानीमा छोटो समयमा धेरै दूरी तय गर्न सक्ने हुनाले यसको विशिष्टता कायम भएको पाइन्छ । त्यसैले विश्वमा हुने थोरै हवाई दुर्घटनाको पनि धेरै र विशेष चर्चा हुने गरेको पाइन्छ । विश्वभरि हुने हवाई दुर्घटनालाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले सन् २०२१ मा क्षेत्रगत रूपमा यसरी देखाएको छ:

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको रिपोर्टका अनुसार सन् २०२१ मा विश्वभर भएका २ करोड ४९ लाख २० हजार ४६२ उडान मध्ये ४८ वटा दुर्घटना भयो । यीमध्ये चार घातक दुर्घटनामा १०४ जनाले ज्यान गुमाए ।

नेपालमा हुने हवाई दुर्घटनाका पछाडि अप्ठ्यारो भूगोल, मौसममा आकस्मिक परिवर्तन, दक्ष जनशक्ति अभाव जस्ता बिषयहरू जोडिएका छन् । यति हुँदाहुँदै पनि नेपाल अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको प्रतिवेदनअनुसार नेपालमा भएको युनिभर्सल सेफ्टी ओभरसाइट प्रोग्राम अन्तर्गत नेपाल विश्व औसत भन्दा समग्रमा माथि नै देखिन्छ ।

माथि देखाइएको डट लाइनले विश्व औसतलाई इंकित गर्दछ भने बारले नेपालको प्राप्तिलाई इंकित गर्दछ । संगठनमा औसतभन्दा अलिकति कमि र दुर्घटना छानबिनमा औसतभन्दा अलिक धेरै कमि देखिन्छ । दुर्घटना छानबिन अहिले पर्यटन मन्त्रालय अन्तर्गत रहेको छ ।

**एकपटक नेपाल र दक्षिण अमेरिकी देश अर्जेन्टिनाको तुलना हेरौ :**

माथिको चार्टमा संगठनको मात्र अंक भारमा हामीभन्दा अर्जेन्टिनाको अंक कम छ । तर के अर्जेन्टिना यूरोपियन युनियनको कालो सूचिमा छ त ? छैन । यसरी हेर्दा कानुन मात्र कालो सूचिको कारण हो भन्ने अवस्था छैन । दुर्घटना हुँदा सम्बद्ध क्षेत्र सबैलाई एकदमै घाटा हुन्छ । यो जान्दाजान्दै, भोग्दाभोग्दै यो हेलचेक्रयाइँमा चलेको छ भने भ्रम पाल्नु र फैल्याउनु दुखद छ ।

हामीले अलिकति काम गर्न बाँकी कुनै क्षेत्रमा छ भने औसत भन्दा कम अंक रहेको संगठनबारे छ । दुर्घटना छानबिन गर्ने स्वतन्त्र संस्थाको परिकल्पनामा छ । यद्यपि 'फङ्गशनल सेपरेसन' अर्थात् कार्यगत स्पष्टतासहितको शक्तिशाली विभागको कल्पना नागरिक उड्डयन प्राधिकरणले गरिसकेको छ । बाँकी रहेको दुर्घटना छानबिन गर्ने स्वतन्त्र निकायको लागि मन्त्रालयले अधिकतम पहल गर्नु जरुरी देखिन्छ । यति गर्दा पनि यूरोपियन युनियनको कालो सूचि रहन्छ भने त्यो प्राविधिक कारण मात्र हो, बुझ्न निकै कठिन छ ।

पर्याप्त कानुन हुँदाहुँदै पनि कार्यान्वयन किन हुँदैन ? कतै दक्ष कर्मचारीको अभावमा त होइन ? सुशासनको कमि, वित्तीय अनुशासनको अभाव, नियम कार्यान्वयनको असफलता जस्ता कुराहरूले समग्र क्षेत्र गिजोलिएको छ । के उड्डयन क्षेत्र अछुतो छ त ? युरोपियन युनियनको आँखा प्राविधिक मात्र नभएर प्रशासनिक छ भने अबको काम त्यता केन्द्रित हुन सक्छ । तर ईयूको कालोसूचिको लागि मात्र हुँदाखाँदाको संगठन अधोगतिमा लग्ने प्रयास गर्नुहुन्न । नेतृत्वले यो बहुआयामिक क्षेत्रको वृहत्तर अध्ययन गरेर मात्र दीर्घकालीन निर्णय गर्नु उपयुक्त हुनेछ । हाम्रा कथित विज्ञहरू यो बहस अन्यत्र मोडेर किन यथार्थ छिपाउन उद्दत छन्, त्यो बुझिनसक्नु छ ।

*(साभार: अनलाइनखबर)*

# मार्क्सवादी लेखन के हो ?

डा. धनप्रसाद सुवेदी

साहित्यिक वा अन्य प्रकारको लेखनमा कुनै न कुनै प्रकारको विचार हुन्छ, वर्गीय पक्षधरता हुन्छ । लेखकले आफू बाँचेको परिवेश, उसको शिक्षा, उसको सोचाइ, बुझाइ आदिलाई आफ्नो लेखनमा प्रस्तुत गर्छ । लेखकको सोच, चाहना, विचारबाट उसको लेखन पूरापूर निर्देशित हुने हुनाले सबै लेखन, सबैका लागि उपयोगी हुँदैनन् ।

हरेक लेखनले विकृति, विसंगति, विभेद, शोषण, अन्यायको विरोध गर्छ भने प्रगति र आशाको सञ्चार गर्छ पनि भनिन्छ । सबै लेखन प्रगतिशील हुन्छन् भन्ने पनि छन् । तर वर्गीय समाजमा मानिसको सोच, विचार पनि स्वत: वर्गीय हुने हुनाले एउटा वर्गको हित गर्ने अर्थ-व्यवस्था, संस्कृति, राजनीति आदिले अर्को वर्गको हित गर्दैन, अहित गर्छ भन्ने विचार मार्क्सवादी मान्यता छ । यही मान्यताका आधारमा कला, साहित्य र सबै खाले लेखन पनि वर्गीय हुन्छ भन्ने मार्क्सवादी चिन्तकको मत छ । मार्क्सवाद श्रमजीवी वर्गको हित गर्ने सिद्धान्त हो । त्यसैले कला, साहित्य र हरेक लेखनमा पनि श्रमजीवी वर्गको हित हुने विषय र विचार आउनुपर्छ भन्ने मार्क्सवादी मान्यता छ ।

मार्क्सवादी साहित्यलाई प्रगतिवादी वा समाजवादी यथार्थवादी साहित्य भनिन्छ । यसलाई जनसाहित्य पनि भनेको पाइन्छ । त्यसैले मार्क्सवादी विचारमा आधारित साहित्यिक र गैरसाहित्यिक लेखनलाई 'जनलेखन' भन्न सकिन्छ । यहाँ मार्क्सवादी लेखनका बारेमा चर्चा गरिएको छ ।

**लेखक र लेखन**

सामान्य अर्थमा लेख्ने मान्छे लेखक हो । साक्षर व्यक्तिले केही न केही लेखेको हुन्छ, लेख्छ । औपचारिक रूपमा शिक्षा आर्जन गर्ने मान्छेले त झन् नलेखी हुँदै हुँदैन । लेखनको ढाँचा, विषय, शैलीअनुसार लेखकका अनेक प्रकार छन् । सामान्यत: लेखकलाई साहित्यिक वा सिर्जनशील , प्रदर्शनकारी, व्याख्यात्मक र प्राज्ञिक, रिपोर्ताज र व्यवहारोपोगी गरी वर्गीकरण गरिएको पाइन्छ । साहित्यिक वा सिर्जनशील लेखक कवि, कथाकार, उपन्यासकार, व्यंग्यकार, निबन्धकार आदि हुन् । प्रदर्शनकारी लेखकअन्तर्गत गीतकार, नाटकार, पटकथा लेखक, भाषण लेखक, स्क्रिन राइटर, स्पिचराइटर आदिलाई लिन सकिन्छ । व्याख्यात्मक र प्राज्ञिक लेखक भन्नाले जीवनी लेखक, समालोचक, सम्पादक, विश्वकोश, ज्ञानकोशको लेखक, शब्दकोश लेखक, प्रबन्धकार, इतिहासकार, अनुसन्धाता, अनुवादक, राजनीति, अर्थशास्त्र, विज्ञान, पर्यावरण, संस्कृति, भूगोल, समाजशास्त्र आदि विषयका व्याख्याता, अनुसन्धता आदिलाई बुझिन्छ ।

पछिल्लो समयमा रिपोतार्ज लेखन निकै लोकप्रिय बन्दै गएको छ । रिपार्ताजको व्यापक परिभाषाभित्र ब्लग लेखक, स्तम्भकार, डायरी लेखक, पत्रकार, संस्मरण लेखक पनि पर्छन् । तर पछिल्लो समयमा रिपोर्ताज लेखक स्वयं पनि समभागी भएको कुनै घटना विशेष, पात्रविशेषको यथार्थ र लेखकको अनुभूति समेतको मिश्रण भएको लेखनका रूपमा स्थापित भएको देखिन्छ । व्यवहारोपोगी लेखक व्यवहारमा आधारित विषय, प्रविधिमा आधारित भएर लेख्ने लेखक भनेर बुझ्न सकिन्छ ।

यसरी हेर्दा साहित्यकार, प्राध्यापक, शिक्षक, पत्रकार, वकिल, कर्मचारीदेखि विद्यार्थी समेत लेखक हुन् । सामान्यत: हामी साहित्यकार र ज्ञानविज्ञानका विविध विषयमा फुटकर लेख र किताब लेख्ने व्यक्तिलाई लेखक भनेर बुझ्छौं । यहाँ वकालत, प्रशासनिक र शैक्षिक विषयमा आधारित लेखनलाई छाडेर साहित्यिक तथा बौद्धिक (ज्ञानात्मक) लेखनका सन्दर्भमा मार्क्सवादको विषयमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

**मार्क्सवादी दर्शन र लेखन**

साहित्यिक लेखन बारेको चिन्तन धेरै अघिदेखि भएको पाइन्छ । पूर्वमा भरतमुनि (इसापूर्व पहिलो शताब्दी) र पश्चिममा खासगरी प्लेटो (४२७-३४७ ईपू) बाट कला सम्बन्धी चिन्तनको सुरुआत भएको पाइन्छ । प्लेटोले साहित्य कलालाई नीतिशास्त्रका रूपमा चर्चा गरे ।

लेटोको विचारमा टेकेर उनका शिष्य एरिस्टोटल (३८४-३२२ ईपू) ले अनुकरण र विरेचन जस्ता महत्त्वपूर्ण सिद्धान्त प्रतिपादन गरे । उनले कलालाई प्रकृतिको सिर्जनात्मक अनुकरणका रूपमा व्याख्या गरे । होरेस (ईपू ६५-५), प्लोटिनस (ई. २०५- २७०), सेन्ट अगस्टाइन (ई. ३५३-४३०) आदि चिन्तकले साहित्यमा सत्यं, शिवम् र सुन्दरम्का साथै नीति सापेक्षताको वकालत गरे । युरोपेली पुनर्जागरण सँगै बुद्धिवादको विकास भयो । देकार्तो (इ.१५९६-१६५०) ले साहित्य कलाको आनन्दलाई बौद्धिक आनन्दका रूपमा व्याख्या गरे । बुद्धिवादी चिन्तकहरूका विपरीत अनुभववादी चिन्तकहरूले साहित्य कलालाई कल्पनाको सुखका रूपमा व्याख्या गरे ।

यिनै पृष्ठभूमिमा १८औं शताब्दीमा कला-साहित्यको सौन्दर्य दर्शन अथवा सौन्दर्यशास्त्रको अवधारणाको जन्म हुन पुग्यो । अंग्रेजीमा सौन्दर्यशास्त्रलाई एस्थेटिक्स भनिन्छ । यो शब्दको प्रयोग सर्वप्रथम अलेक्जेन्डर बाउमगार्टेन (इ. १७१४- १७६२) बाट भएको हो । यसलाई आधुनिक अर्थमा प्रतिस्थापित गर्ने काम भने हेगेल (ई. १७७०-१८३१) बाट भएको मानिन्छ । हेगेलले सौन्दर्यशास्त्रलाई सम्पूर्ण कलाको दर्शनका रूपमा स्थापित गरे । त्यसैले उनलाई आधुनिक सौन्दर्यशास्त्रका जन्मदाता पनि भनिन्छ ।

सौन्दर्यशास्त्रलाई कला साहित्य विशेषको अलग्गै शास्त्रका रूपमा स्थापित गर्ने काममा क्रोचे (इ. १८६६ - १९५२) को महत्वपूर्ण योगदान रहेको छ । क्रोचेले अभिव्यञ्जनावाद सिद्धान्तको प्रतिपादन गरे । उनको सिद्धान्त अनुसार मूल कला मानिसको मनमा अभिव्यञ्जित हुन्छ र स्रष्टाको मनमा जन्मिएको वास्तविक कलालाई भाषा, रङ आदिका माध्यमबाट प्रकट गर्नु कलाको बाह्य प्रकटीकरण मात्र हो ।

१९औं शताब्दीको अन्त्यतिर नीतिवादी सिद्धान्तको विरोध गर्दै कला कलाका लागि भन्ने सिद्धान्त जन्मियो । यसले कला साहित्यको सौन्दर्य त्यसको रूप पक्षमा हुन्छ भन्ने मान्यता अगाडि सार्‍यो । मार्क्सवादको उदयसँगै कला साहित्य चिन्तनमा ठूलो परिवर्तन आयो । मार्क्सवादी चिन्तकले साहित्यमा अन्तर्वस्तु (भाव पक्ष) र रूप गरी दुई पक्ष हुन्छन्, त्यसमा अन्तर्वस्तु प्रधान हुन्छ, यद्यपि रूप पक्षको पनि महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने मान्यता स्थापित गरे । यसरी मार्क्सवादी आएपछि कला साहित्य र सौन्दर्य चेत पनि सापेक्ष हुन्छ, यो समाजभन्दा भिन्न हुन सक्तैन भन्ने मान्यता स्थापित भयो ।

मार्क्सवादको उदयसँगै कुनै वस्तु जन्मजात सुन्दर हुन्छ वा ईश्वरले नै उसलाई सुन्दर बनाइदिएको हुन्छ अनि सुन्दर भन्ने कुरा स्थिर, सार्वभौम र निरपेक्ष कुरा हो भन्ने पुरानो मान्यतामाथि प्रश्न खडा भयो । मार्क्सवादले सौन्दर्यलाई गतिशील, परिवर्तनशील र सापेक्ष हुन्छ भन्ने मान्छ । यसले मान्छेका श्रम प्रक्रियालाई सौन्दर्य मूल्यसँग जोड्नुपर्छ भन्छ । मार्क्सवादका अनुसार श्रममा सौन्दर्य हुन्छ, श्रमले मान्छेका सौन्दर्यात्मक आवश्यकताको परिपूर्ति गर्छ । यस अनुसार मान्छे एक सक्रिय कर्ता हो, उसले आफ्ना सारा बाधा बन्धन तोड्न सक्छ र स्वतन्त्र हुन सक्छ । त्यही कर्ता हुन सक्ने, बाधा बन्धन तोड्न सक्ने गुण र क्रिया नै सुन्दर हुन्छ भन्ने मार्क्सवादी मान्यता रहेको छ । मार्क्सवादले सबै प्रकारका उत्पीडन र विभेदको अन्त्य हुनु र सदैव अगाडितिर अग्रसर भइरहनु नै सौन्दर्य हो भन्छ र कला साहित्यमा त्यही कुराको अपेक्षा राख्छ ।

मार्क्सवादका अनुसार कला साहित्यको मूल्य वर्गीय उपयोगिता र अनुभूतिका आधारमा नै निर्धारण हुन्छ । जनताको स्वतन्त्रता र मुक्तिसँग जोडिएको साहित्य, कला नै मूल्यवान् हुन्छ र त्यही साहित्य कला नै सुन्दर हुन्छ भन्ने मान्छन् । मार्क्सवादी कला साहित्यमा जीवनका वास्तविकता, संघर्ष, परिवर्तनको सही बोध र विश्लेषणका साथै श्रमजीवी वर्गीय पक्षधरताको अपेक्षा गरिन्छ । गतिशील यथार्थ, वर्ग संघर्ष र श्रमजीवी वर्गीय पक्षधरता मार्क्सवादी लेखनका आधारभूत पक्ष हुन् । जीवन र समाजलाई जड नभएर निरन्तर परिवर्तनशील मान्ने, यस्तो परिवर्तनको कारण वर्गसंघर्षलाई मान्ने र त्यस संघर्षमा श्रमजीवी वर्गको पक्ष लिने काम मार्क्सवादी लेखनको आधारभूत मूलभूत विषय हुन् ।

मार्क्सवादी लेखनका मुख्य विशेषतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

**गतिशील यथार्थको प्रकटीकरण**

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको आधारभूत मान्यता हो । भौतिकवाद भनेको देखिने, पुष्टि हुन सक्ने वा संसारमा भएको वस्तु मात्र सही हो भन्ने मान्यता हो । भौतिकवाद अध्यात्मवादको विरोधी छ । अध्यात्मवादले यो संसार आत्मा वा ईश्वरद्वारा सञ्चालित छ भन्ने मान्छ तर भौतिकवादी मान्यताले यो संसारको सञ्चालन कुनै अदृश्य वस्तु वा ईश्वरबाट नभई यही भौतिकवस्तुभित्रकै नियमद्वारा हुन्छ भन्ने मान्छ ।

मार्क्सवादले यान्त्रिक भौतिकवाद मान्दैन, द्वन्द्वात्मक भौतिकवाद मान्दछ । द्वन्द्वात्मक भनेको दुई पक्षका बिचमा हुने टकरावको स्थिति हो । मार्क्सवादका अनुसार हरेक वस्तुमा दुई विपरीत गुण हुन्छ, तिनमा अन्तर्विरोध हुन्छ । ती विपरीत पक्षका बिचमा द्वन्द्व भइरहन्छ र त्यसले मात्रात्मक परिवर्तन गर्दै अन्तत: गुणात्मक परिवर्तन गर्दछ । गुणात्मक परिवर्तनपछि नयाँ अवस्थाको विकास हुन्छ, नयाँ वस्तु जन्मिन्छ । यो निरन्तर चली रहने प्रक्रिया हो । विकास वा परिवर्तनको यही नियमलाई मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद भनेको छ र यही नियमका आधारमा मार्क्सवादी लेखनले यथार्थलाई स्थिर वा जड नमानी गतिशील हुन्छ भन्ने मान्छ ।

मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादको नियम समाज विकासको प्रक्रियामा पनि लागु हुने मान्दछ । समाज विकासको द्वन्द्वात्मक भौतिकवादी नियमलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । यसले आर्थिक पक्षलाई आधार र राजनीति, संस्कृति, साहित्य, कला, न्याय, धर्म आदिलाई उपरीसंरचना वा माथिल्ला बनोट मान्दछ । सामान्यत: आधार (अर्थ व्यवस्था) को चरित्र अनुसार उपरीसंरचना (साहित्य, राजनीति, धर्म, संस्कृति आदि) को निर्माण हुन्छ तर आधार र उपरीसंरचनाका बिचमा पनि द्वन्द्ववादको नियम लागु हुन्छ ।

उपरीसंरचनाले पनि आधारलाई परिवर्तन गर्न खोजिरहेको हुन्छ । मुख्य कुरा आधार हो अर्थात् आर्थिक पक्ष हो तर कतिपय अवस्थामा उपरीसंरचनाले पनि आधारलाई परिवर्तन गरिदिन्छन् । त्यतिमात्र होइन, उपरीसंरचनाका पक्षहरू बिचमा पनि द्वन्द्ववादी नियम लागु हुन्छ । राजनीतिले धर्मलाई, धर्मले राजनीतिलाई, साहित्यले राजनीतिलाई, राजनीतिले साहित्यलाई त्यस्तै धर्मले साहित्यलाई, संस्कृतिले साहित्यलाई, पर्यावरणले साहित्यलाई प्रभाव पारिरहेको हुन्छ ।

यसरी हेर्दा समाजको चरित्र स्थिर नभएर गतिशील हुन्छ, परिवर्तनशील हुन्छ । त्यसैले मार्क्सवादी लेखनमा गतिशील यथार्थको प्रकटीकरणलाई पहिलो सर्त मानिन्छ । लेखनले चित्रण गर्ने समाज, जीवन, राजनीति, संस्कार, संस्कृति, मनोविज्ञान, प्रेम आदिलाई पनि गतिशीलतामा हेर्नु पर्छ, स्थिर वा जडमा हेर्नु हुँदैन । कुनै वस्तु हिजो जे जस्तो थियो, आज त्यस्तै छैन र भोलि त्यस्तै रहँदैन, निरन्तर परिवर्तनमा रहन्छ । यसर्थ लेखनले चित्रण गर्ने यथार्थ गतिशील हुनुपर्छ, परिवर्तनशील हुनुपर्छ । यो मार्क्सवादी लेखनको मूलभूत विशेषता हो ।

**उत्पीडनको विरोध र श्रमजीवी पक्षधरता**

मार्क्सवादी लेखनले श्रमजीवी वर्गको पक्षपोषण गर्दछ । मार्क्सवादले समाज विकासको इतिहासलाई वर्ग संघर्षको इतिहास मान्दछ । मानव उत्पत्तिदेखि अहिलेसम्म आउँदा मानव समाजको विकास जे जसरी भएको छ, त्यो वर्गसंघर्षबाट अगाडि बढेको छ र वर्गीय शोषण रहँदासम्म वर्ग संघर्ष जारी रहन्छ । मार्क्सवादले मानव समाजमा रहको यस्तो वर्गीय विभेदको अन्त्य चाहन्छ र वर्गविहीन समाजको परिकल्पना गरेको छ । त्यसैले मार्क्सवादी लेखनले सबै प्रकारका उत्पीडन, शोषण, अन्याय, अत्याचार, विभेद, कुरीति, कुसंस्कार, अन्धविश्वास आदिको विरोध गर्दछ र समानता, न्याय, प्रगतिको पृष्ठपोषण गर्दछ ।

'संसारका मजदुरहरू (श्रमजीवी वर्ग) एक हौं' भन्ने मार्क्सवादको मूल नारा हो । यसैले मार्क्सवादी लेखनले सदैव श्रमजीवी वर्गको हित चिताउँछ, यसको पक्ष दिन्छ । आदर्शवादी साहित्यमा 'सर्वजन हिताय' अथवा सबैको हित हुने कुरा गरिन्छ । तर समाज वर्गीय हुने हुनाले सबैको हित होस् भन्नुको अर्थ धनी, टाठाबाठाको मात्र हित होस् भन्नु हो । त्यसैले मार्क्सवादले 'बहुजन हिताय' को मान्यता अनुसार बहुसंख्यक जनताको हित अर्थात् श्रमजीवी वर्गको हित चाहन्छ, शोषक, बदमास, फटाहहरूका विरुद्ध मजदुर, किसान लगायतका श्रममा रमाउने, श्रममा बाँच्ने वर्गको हित नै मार्क्सवादको लक्ष्य रहको छ र त्यही अनुसारको लेखन मार्क्सवादी लेखनको अभीष्ट हुनुपर्छ ।

मार्क्सवादी मान्यता अनुसार लेखक, कलाकार तथा साहित्यकारहरू जिम्मेवार हुनुपर्छ र त्यो जिम्मेवारी प्रतिबद्धताका रूपमा आउनुपर्छ । लेखकको प्रतिबद्धता र स्वतन्त्रताका बारेमा निकै बहस भएको पाइन्छ ।

*बाँकी पृष्ठ-३ मा...*

# १० बुँदे माग राख्दै यातायात मजदुर आन्दोलित, व्यवसायीको समर्थन

काठमाडौं/विभिन्न माग राख्दै यातायात व्यवसायीहरु आन्दोलित भएका छन् । यो आन्दलोलनमा यातायात व्यवसायीहरुले पनि समर्थन गरेका छन् । नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, अखिल नेपाल यातायात मजदुर संघ र नेपाल यातायात मजदुर संघले संयुक्त रुपमा ३ फागुनसम्म माग पुरा नभए सार्वजनिक यातायात सेवा नै ठप्प पार्ने चेतावनीसहित अहिले विभिन्न स्थानहरुमा कोणसभाहरु गरिरहेका छन् ।




यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी ऐन विपरीत चल्दा यातायात क्षेत्र अस्तव्यस्त भएको र सडकमा राज्य आतंक भएको मजदुहरुको आरोप छ ।

'चालकको लाइसेन्स गैरकानुनी निलम्बन गरिएको छ । जरिबाना रकम उच्च बनाइएको छ । प्रदूषण जाँचमा ५ हजारदेखि १ लाखसम्म जरिबानाको त्रास फैलाइएको छ,' यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष भीमज्वाला राई भन्छन्, 'श्रमिक आतंकित छन्, लगानीकर्ता असुरक्षित छन्, यातायात सेवा भरपर्दो र सुलभ छैन । त्यसैले हामी आन्लोलित भएका हौं ।'

समस्या समाधानका लागि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवस्था विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयमा ज्ञापनपत्र बुझाइसकेका छन् । तर, सुनुवाइ नभएकाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई फेरि दश बुँदे मागपत्र बुझाएर संगठनहरु, व्यवसायीहरु, स्वरोजगार व्यवसायीहरु आन्दोलनमा जान बाध्य भएको राईले बताए ।

ट्राफिक प्रहरीको सडक आतंक बन्द गर्दै, कानुनको पालना गर्न, निलम्बित लाइसेन्स फुकुवा गर्न र ट्राफिक प्रहरीको ज्यादतीको भण्डाफोर गर्न र जरिवानालाई कानुनसम्मत गर्दै ट्राफिक प्रहरीको अन्यायिक रकम असुली बन्द गर्न उनीहरुले माग गरेका छन् । चेकजाँचका नाममा रुटमा श्रमिक्लाई दिइने प्रशासनिक हैरानी अन्त्य गर्नुपर्ने, पार्किङसहित पिक एण्ड ड्रपको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन गर्नुपर्ने, एडभान्स ट्राफिक म्यानेजमेन्ट सिस्टमको सुरुवात गर्दै पुरानो प्रणालीको अन्त्य गर्नुपर्ने माग पनि गरेका छन् ।

सवारी तथा यातायात व्यवस्था ऐन संशोधन गरी श्रम र लगानीमैत्री बनाउनुपर्ने, छुट्टै यातायात मन्त्रालय व्यवस्थाका गर्नुपर्ने, सुस्त अनि भ्रष्ट यातायात व्यवस्था विभाग र यातायात कार्यालयलाई चुस्त र पारदर्शी बनाउनुपर्ने, 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्दै यातायात व्यवस्थापन र सेवालाई प्रभावकारी बनाउनुपर्ने पनि मजदुरहरुको माग छ ।

'रोड सेफ्टी काउन्सिल' बनाएर सडक दुर्घटना न्यूनीकरण गर्दै सडक सुशासन कायम गर्न, श्रम बजारमा विदेशी हस्तक्षेप सदाका लागि अन्त्य गर्न, सवारीसाधनको आयु तोकेर स्वरोजगारलाई विस्थापित गर्ने नीति खारेज गर्न, सुलभ, भरपर्दो, सुरक्षित र गणस्तरीय यातायात सेवा सुरुवात गर्न, यातायात श्रमिकहरुलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन र नीति निर्माणमा यातायात श्रमिकहरुको प्रतिनिधित्व हुने व्यवस्था कायम गर्न पनि यस्तो आन्दोलन थालिएको राईले बताए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पनि मजदुरहरुको मागमा ऐक्यबद्धता जनाएको छ । उपत्यका लगायत देशभर सञ्चालित सार्वजनिक सवारी साधनहरुलाई काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६४ विपरीत पहिलो पटकमै अधिकतम् जरिवाना गर्ने, सवारी चालक अनुमति पत्र निलम्बन गर्ने, नेपाल सरकारको यातायात व्यवस्था कार्यालयहरुले प्रदूषण चेकजाँच गरी प्रदूषण स्टिकर दिएका सवारी साधनहरुको प्रदूषण अवधि हुँदाहुँदै वातावरण विभागले समेत दोहोरो प्रदूषण चेकजाँच गरी अधिकतम जरिबाना गर्ने कदमको विरोध गरेको छ ।

यात्रु मैत्री यातायात, यातायात सञ्चालन विधि, यातायात सुधार, दुर्घटना न्यूनीकरण, यातायात प्राधिकरण लगायतका समसामयिक समस्याहरुको स्थायी समाधानका लागि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सारेका मागको सुनुवाइ गर्न सरकारलाई सचेत गराइएको वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले जानकारी दिए ।

(स्रोत: अनलाइनखबर)

# 'भ्यालेन्टाइन डे'को पूर्वसन्ध्यामा विदेशबाट गुलाबको फूल ल्याउन रोक

काठमाडौं/'भ्यालेन्टाइन डे'को पूर्वसन्ध्यामा सरकारले विदेशबाट फ्रेस गुलाबको फूल ल्याउन रोक लगाएको छ । कृषि मन्त्रालयले एक सूचना जारी गर्दै गुलाबको फूल आयात अनुमति रोक्का गर्ने निर्णय गरेको हो ।



बिहीबार एक सूचना जारी गर्दै मन्त्रालय मातहतको प्लान्ट क्वरेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले मातहतका नाका कार्यालयहरुलाई आयात अनुमति जारी नगर्न भनेको हो ।

नेपाल, भारत तथा चीन सीमाका १५ भन्सार कार्यालयका कार्यालयलाईहरु पत्राचार गर्दै केन्द्रले विशेष कारण भन्दै गुलाबको फूल आयातमा रोक लगाएको हो ।

यो सूचनासँगै पूर्वको काँकडभिट्टादेखि पश्चिमको गंगा चौकी र उत्तरका कुनै पनि निकाबाट गुलाब आयात गर्न पाइने छैन । 'केन्द्र मातहतका सबै कार्यलयहरुबाट विशेष कारणले अर्को व्यवस्थमा नभएसम्म गुलाबको फूल आयात अनुमति जारी नगर्न हुन अनुरोध गरिन्छ ।' परिपत्रमा भनिएको छ ।

प्लान्ट क्वरेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले भने वनस्पतिजन्य रोगको जोखिमका कारण आयातमा तत्कालका लागि रोकिएको जनाएको छ । केन्द्रले यसलाई रोकिएको भन्दा पनि होल्ड गरिएको भनेर बुझ्न आग्रह गरेको छ । विरुवाजन्य चीजमा रोग र किराको सम्भावना भएपछि तत्काल आयातलाई रोकिएको केन्द्रका सूचना अधिकारी महेशचन्द्र आचार्यले बताए ।

'नेपालमा गुलाब र अन्य विरुवामा रोग आउने जोखिम देखियो । जोखिम अध्ययन पनि नभएका कारण अहिलेलाई रोकिएको हो' उनले भने । यसबारे प्राविधिक समितिको बैठक बाँकी नै रहेकाले त्यसपछि मात्रै थप निर्णय हुने आचार्यले बताए । भन्सार विभागको विवरणअनुसार आर्थिक वर्षको पुससम्म नेपालले १३ लाख ३३ हजार रुपैयाँ बराबरको १० हजार ६१२ किलो गुलाबको फूल आयात गरेको छ ।

नेपाल फ्लोरिकल्चर एसोसिएनका कार्यक्रम संयोजक जेबी तामाङले सरकारको निर्णय बजारमा अब अभाव देख्न सक्ने बताए । एसोसिएसनकाअनुसार प्रणय दिवस आसपासमा नेपालमा झण्डै तीन लाख पिस (स्टिक) गुलाबको फूलको खपत हुन्छ । नेपालमा झण्डै २० हजार पिस मात्रै गुलाबको फूल उत्पादन हुने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# यू-२० महिला साफको उपाधिमा चुक्यो नेपाल

काठमाडौं/साफ यू-२० च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको छ । बिहीबार ढाकास्थित बीएसएसएस मोस्ताफा कमल स्टेडियममा भएको फाइनलमा नेपाल घरेलु टोली बंगलादेशसँग ३-० ले पराजित भएको हो ।



नेपाल दोस्रो पटक उपविजेता बनेको हो । सन् २०१८ मा भएको पहिलो संस्करणमा पनि नेपाल फाइनलमा बंगलादेशसँग पराजित हुँदै उपविजेता बनेको थियो ।

यस स्स्करणमा नेपाल बंगलादेशसँग दुई पटक पराजित भयो । चार राष्ट्र सहभागि च्याम्पियनसिपको पहिलो खेलमा पनि नेपाल बंगलादेशसँग ३-१ ले पराजित भएको थियो ।

बिहीबार भएको फाइनलमा बंगलादेशले पहिलो हाफमा दुई र दोस्रो हाफमा एक गोल गऱ्यो । ४२औं मिनेटमा साहेहेदा अख्तर रिपाले गोल गर्दै अग्रता दिलाइन् ।

पहिलो हाफको इन्जुरी टाइमको पहिलो मिनेटमा कप्तान साम्सुन्नाहारले गोल गर्दै अग्रता दोब्बर पारिन् । दुवै गोलमा नेपालको डिफेन्सको गल्ती थियो ।

पहिलो गोलमा नेपाली डिफेन्सले क्लियर गर्न नसकेको बलमा रिपाले पेनाल्टी बक्सको एजबाट प्रहार गर्दै गोल गरिन् । काउन्टर अट्याकमा प्राप्त बलमा नेपाली डिफेन्सले क्लियर गर्न नसक्दा साम्सुन्नाहारले अगाडि बढाउँदै पेनाल्टी बक्स भित्रबाट गोल गरिन् ।

दोस्रो हाफमा नेपालले सुरुमै गोल गर्ने अवसर गुमायो । ५०औं मिनेटमा अमिसा कार्कीको क्रसमा सुनकला राईले पेनाल्टी बक्स भित्रबाट गोल गर्न सकिनन् । ७९औं मिनेटमा पनि नेपालले गोल गर्ने अवसर पाएको थियो । तर अमिसा कार्कीको प्रहार बंगलादेशी किपर रुपना चक्माले बचाइन् ।

८७ औं मिनेटमा बंगलादेशका लागि उनोती खातुनले गोल गरिन् । रिपाको फ्रिकिकमा उनोती खातुनले पोष्ट नजिकैबाट गोल गरिन् । राउण्ड रोबिन लिगको अन्तिम खेलमा भारतमाथि ३-१ को पुनरागमन जित निकाल्दै फाइनलमा स्थान बनाएको नेपालले बंगलादेश विरुद्ध लय कायम राख्न सकेन ।

फाइनलमा नेपालले पनि गोल गर्ने तीन राम्रा अवसर गुमाएको थियो । घरेलु दर्शक र मैदानको साथ पाएको बंगलादेशले भने उत्कृष्ट लय कायम राख्दै तेस्रो पटक च्याम्पियन बनेको हो । बंगलादेशले यसअघि २०१८ र २०२१ मा उपाधि जितेको थियो ।

# मार्क्सवादी लेखन...

जनताको लेखक कम्युनिस्ट पार्टीप्रति प्रतिबद्ध हुनुपर्छ भन्ने मत पनि जबर्जस्त रूपमा आएको पाइन्छ । त्यसैले प्रतिबद्धतालाई वर्गीय प्रतिबद्धता, विचारधारात्मक प्रतिबद्धता, राजनीतिक प्रतिबद्धता र सांगठनिक प्रतिबद्धता गरी वर्गीकरण गरिएको पाइन्छ । यस्तो प्रतिबद्धताले शोषण, दमन, उत्पीडनका विरुद्ध विचार अभिव्यक्तिको अधिकार विनाको लेखकले आम जनसमुदायको, सर्वहारा वर्गको मुक्ति र वर्ग सैर्षको हित गर्ने लेखन लेख्न वा सिर्जना गर्न सक्तैन । त्यसैले लेखकलाई विषयवस्तु, कल्पना, भावना, बिम्ब, शैली आदि कुराको छनोट र सिर्जनामा स्वतन्त्रता हुनुपर्छ भन्ने मान्यता छ ।

यसरी हेर्दा मार्क्सवादी लेखक मार्क्सवादको मूल दर्शनबाट विचलित हुनुहुँदैन । तर कुनै नेता, गुट, व्यक्तिगत प्रशंसा, भजनप्रतिको प्रतिबद्धता होइन, श्रमजीवी वर्गप्रतिको परिवर्तनप्रतिको प्रक्षधरता र प्रतिबद्धता आवश्यक हुन्छ ।

### उद्देश्यमूलक लेखन

एकथरी साहित्य चिन्तकहरू 'स्वान्त सुखाय' वा आनन्दका लागि साहित्य लेखिन्छ भन्छन् । मार्क्सवादले साहित्यबाट मनोरञ्जन प्राप्त हुने कुरालाई स्वीकार गर्दछ तर साहित्य आनन्दको साधन मात्र नभएर, परिवर्तनको वाहक पनि हो, चेतनाको वाहक पनि हो अनि श्रमजीवी वर्गीय मुक्तिको उत्प्रेरक पनि हो भन्ने मान्दछ । मार्क्सवादले साहित्यलाई बौद्धिक विलासका रूपमा मात्र लिनु हुँदैन भन्दै यसलाई उद्देश्यमूलक लेखनका रूपमा लिन्छ । यसले कला साहित्यलाई समाज रूपान्तरणको एक महत्त्वपूर्ण हतियारका रूपमा लिन्छन् । मार्क्सवादीहरू कला साहित्य र हरेक प्रकार लेखनको स्रोत मानिसको सैर्ष र श्रमलाई मान्छन् । लेखन आफैंमा आफ्नो वर्गको हितका लागि हुन्छ भन्ने मार्क्सवादी मान्यता देखिन्छ । यो कुरा माथि पनि लेखिसकिएको छ ।

### प्रगति र आशाको सञ्चार

विसंगतिवादी दार्शनिकहरू जीवनलाई विसंगतिमूलक एवम् निरासाको पुञ्ज मान्छन् । एकथरी मनोवैज्ञानिकहरू जीवनलाई यौनकुण्ठा, असफलातको कुण्ठाहरूको पुञ्ज मान्छन् । त्यस्ता दार्शनिकहरूका प्रभावमा साहित्य र अन्य प्रकारको लेखन पनि निरासा र कुण्ठाको प्रलापका रूपमा आउने गरेको पाइन्छ । यसका विपरीत मार्क्सवादले साहित्यलाई आशा र प्रगतिको वाहक मान्छ । साहित्यले स्रष्टा र पाठक दुवैलाई आशावादी तुल्याउनुपर्छ र साहित्यलाई निराशा र कुण्ठा प्रकट गर्ने साधन मात्र बनाइनु हुँदैन भन्ने मार्क्सवादी मान्यता छ । अन्य प्रकारको लेखनमा पनि यही कुरा लागु हुन्छ ।

### विचार र कलाको समायोजन

यो विषय मूलत: साहित्यका हकमा लागु हुन्छ । 'कला कलाका लागि' (साहित्य साहित्यका लागि) भन्ने कलावादी दार्शनिकहरू साहित्यमा कलात्मकता अथवा सुन्दर तरिकाले भन्नु नै सबै थोक हो भन्ने मान्दछन् । तर प्रगतिवादले सुन्दर तरिकाले भन्नु त पर्छ नै तर भनिएको कुरा पनि उत्तिकै सुन्दर हुनुपर्छ भन्ने मान्यता राख्दछ । प्रगतिवादी साहित्यिक चिन्तकहरूले साहित्यको रूप र अन्तर्वस्तुमा कुन मुख्य हुन् भनेर बहस गरेका छन् र यी दुवैको द्वन्द्वात्मक सम्बन्ध हुने निष्कर्षमा पुगेका छन् ।

रूप वा कला पक्ष सुन्दर भयो तर अन्तर्वस्तु कमजोर भयो त्यो साहित्य शक्तिशाली हुँदैन र त्यसैगरी अन्तर्वस्तु सशक्त भए पनि रूप वा कला पक्ष कमजोर भयो भने पनि रचना प्रभावशाली हुँदैन । साहित्यमा प्रकट हुने सन्देश, विचार वा भाव जतिसुकै सुन्दर भए पनि त्यसलाई सुन्दर तरिकाले भन्न सकिएन भने त्यो सन्देश वा विचारले पाठकलाई आकर्षित गर्न सक्तैन । मार्क्सवादीहरू वस्तुमा रहने अन्तर्विरोधहरूलाई मुख्य र सहायक गरी वर्गीकरण गर्दछन् ।

यसरी वर्गीकरण गर्दा अन्तर्वस्तु प्रधान र रूप सहायक हुने देखिन्छ । भन्नुको अर्थ साहित्यमा विचार मुख्य हो अनि त्यो विचारको वाहकका रूपमा कला पनि नभई हुँदैन । विचारलाई कलात्मक तरिकाले भन्दा मात्र त्यो साहित्य हुन्छ, अन्यथा त्यो साहित्य नभएर नारा हुन जान्छ । साहित्य भनेकै भाषिक कला हो, अभिव्यक्तिको सुन्दर तरिका हो, विशिष्ट तरिका हो । यसर्थ विचार वा भन्न खोजिएको कुरा प्रमुख हुँदाहुँदै पनि आकर्षक ढंगले, सुन्दर तरिकाले, पाठक वा भावकको मन छुने र उसलाई प्रभाव पार्ने तरिकाले भन्न सक्नु पर्दछ । यसरी विचार र कलाको उचित समायोजनबाट मात्र साहित्य सुन्दर बन्दछ, उत्कृष्ट बन्दछ ।

### नेपालमा मार्क्सवादी लेखन

नेपालीमा साहित्यिक लेखनका क्षेत्रमा मार्क्सवादी कोणबाट धेरै बहस, छलफल र लेखनको अभ्यास भएको छ । नेपालका हरेक कम्युनिस्ट पार्टीका जनसांस्कृतिक संघ र महासंघ छन् । जनसांस्कृतिक महासंघको अवधारणाभित्र साहित्यलाई संस्कृतिकै एउटा अभिन्न अवयव मानेको देखिन्छ । त्यही मान्यताका आधारमा महासंघभित्र लेखक संघ, जनकलाकार, ललितकला, समाजशास्त्र, लोकवार्ता, चलचित्र, नाट्य जस्ता विधाका विभाग पनि छन् ।

त्यसरी नै सबै वामविचारका लेखकको साझा संस्था प्रगतिशील लेखक संघ पनि छ । त्यसरी नै लेखकसँग कुनै कुनै रूपमा जोडिएका पत्रकार, प्राध्यापक, बुद्धिजीवी जस्ता संगठन पनि छन् । गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, भूपी शेरचन, पारिजात, रमेश विकल, श्यामप्रसाद शर्मा, कृष्ण सेन इच्छुक, खगेन्द्र संग्रौला लगायतका थुप्रै स्रष्टाहरू मार्क्सवादी धारबाट लेखेरै स्थापित भएका छन्, गोविन्द भट्ट, मोहन वैद्य, ऋषिराज बराल, निनु चापागाईं, घनश्याम ढकाल लगायतका थुप्रै समालोचकहरू मार्क्सवादी सौन्दर्यचिन्तकका रूपमा स्थापित भएका छन् ।

यति हुँदाहुँदा पनि सिंगो नेपाली साहित्यमा मार्क्सवादी धार जति सबल र प्रभावकारी हुनुपर्थ्यो, त्यो हुन सकेको छैन । पछिल्लो समयमा सैद्धान्तिक तथा वैचारिक पक्ष फितलो बन्दै गएको छ । नेपाली जनताका राजनीतिक परिवर्तनका लागि गरेको संघर्ष र बलिदानको यथार्थलाई साहित्यमा सही तरिकाले प्रतिबिम्बन गर्ने कुरामा मार्क्सवादी लेखकहरू चुकेका छन् । जसरी रुस र चीनका क्रान्तिका पृष्ठभूमिमा जन्मिएका मार्क्सवादी साहित्यले संसारभर प्रभाव जमाएका छन्, तर नेपाली क्रान्ति र बलिदानको साहित्य हामीले लेख्नै सकेका छैनौं ।

साहित्येतर क्षेत्रको मार्क्सवादी लेखनको अवस्था त अझै के हो, कसो हो भन्नुपर्ने अवस्थामा छ । पहिले कम्युनिस्ट नेताहरूले राजनीतिलाई जत्तिकै लेखनलाई पनि उत्तिकै महत्त्व दिन्थे । पुष्पलाल, मोहनविक्रम सिंह, मोहन वैद्य, कृष्णदास श्रेष्ठहरूदेखि लिएर प्रचण्ड, बाबुराम भट्टराई, झलनाथ खनाल, नारायणकाजी श्रेष्ठ, नारायणमान बिजुक्छेहरूले राजनीतिका साथै र लेखनलाई उत्तिकैं महत्त्व दिएका थिए । तर अहिले नेताहरूको रुचि यतातिरबाट पूरै हटेजस्तो अवस्था छ ।

साहित्य क्षेत्रबाट धेरथोर लेखिनेबाहेक नेपालको अर्थतन्त्र, समाज व्यवस्था, राजनीति, संस्कृति, पर्यावरण, वैदेशिक सम्बन्ध जस्ता विषयमा मार्क्सवादी धारबाट लेख्नेहरू को होलान् भनेर खोज्नुपर्ने अवस्था भएको छ । नेपाली इतिहासमा कम्युनिस्टका नाममा सबैभन्दा बढी भोट पाएर एकलौटी सरकार बनाइरहेको र सरकारबाहेक सडकमा पनि कम्युनिस्ट पार्टीको हस्तक्षेपकारी उपस्थिति भइरहेको अवस्थामा मार्क्सवादी लेखनको धार भने झन्झन् भुत्ते हुँदै गएको अवस्था छ ।

कम्युनिस्ट पार्टी नेतृत्व रहेको, संविधानमा समाजवाद उन्मुख व्यवस्थाको परिकल्पना गरिएको र गैरकम्युनिस्टहरू पनि समाजवादतिर जाने कुरामा सैद्धान्तिक रूपमा सहमत भएको अहिलेको अवस्थामा मार्क्सवादी लेखनले समग्र लेखनको नेतृत्व गर्नुपर्थ्यो तर यो हिजोको भन्दा कमजोर भएको छ । कम्युनिस्ट पार्टीलाई भोट दिने लेखकहरू लेख्ने विषय नभेटेजस्तो अवस्थामा देखिन्छन् । हामीले सम्बोधन गर्नुपर्ने, प्रस्ट्याउनुपर्ने, सुल्ट्याउनुपर्ने धेरै कुरा छन् तर हामीले त्यतातिर चासो दिन सकेका छैनौं ।

हिजो हामीले नारा लाउँदा हुन्थ्यो, हामीले गणतन्त्र, संघीयता, पहिचान, नौलो जनवाद, समाजवाद, जनवादी शिक्षा, आर्थिक संवृद्धि, राष्ट्रिय स्वाधीनता, स्वाधीन अर्थतन्त्र, आत्मनिर्भर अर्थतन्त्र, राष्ट्रिय पुँजीको विकास, वर्गीय, लैंगिक, जातीय, क्षेत्रीय विभेदको अन्त्य, अन्तर्राष्ट्रवाद आदिका सपना लेख्यौं । अब ती सपनालाई आफैंले कर्यान्वयन गर्ने अवस्थामा हामी छौं, तर यो चरणमा आएर हामीले लेख्न छोड्यौं । जनवादी शिक्षाको सपना लेख्ने आधा दर्जन लेखकहरू शिक्षा मन्त्री भइसके, हाम्रो शिक्षा प्रणाली झन्झन् व्यापारीकरण हुँदै गयो । विद्रोह जनताको अधिकार हो भनेर लेख्नेहरू मन्त्री र प्रधानमन्त्री भइसकेपछि कार्यकर्तालाई लेख्छौं मेरो भजन लेख नत्र नलेख भन्ने अवस्थामा बदलिइरहेको अवस्थाबाट हामी गुज्रिरहेका छन् । यो चिन्ताको विषय हो । त्यसैले हामीले मार्क्सवादी लेखनलाई फेरि जगाउनुपर्ने भएको छ ।

### निष्कर्ष

मार्क्सवादी लेखन श्रमजीवी वर्गको पक्षमा लेखिन्छ । द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्गसंघर्ष, संसारका श्रमजीवीहरू एक हौ भन्ने मार्क्सवादका आधारभूत प्रस्तावनामा टेकेर लेखिने लेखन मार्क्सवादी लेखन हो । मार्क्सवादी लेखनमा वस्तु यथार्थमा आधारित गतिशील यथार्थको चित्रणमा जोड दिइन्छ । व्यक्तिगत कुण्ठा, निरासा, चाकडी, नियुक्ति, भजनको लेखन मार्क्सवादी हुन सक्तैन ।

यथास्थितिमा रहेका शोषण, उत्पीडन, विभेद, असमानता, अन्याय, अन्धविश्वास आदिको विरोध गर्दै तिनको अन्त्य हुनुपर्छ भन्ने मान्यता मार्क्सवादी लेखनको मूल कुरा हो । सामूहिक चिन्तन, श्रमजीवी वर्गको हित, सबै प्रकारका उत्पीडनबाट मुक्ति, समानता, र प्रगतिको पक्षपोषणका लागि लेखन नै मार्क्सवादी लेखन हो । यतिवेला नेपालीमा मार्क्सवादी लेखन अल्मलिएको अवस्थामा छ । यतातिर लेखकहरूको ध्यान जान आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# सुदूरपश्चिममा कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त

धनगढी/सुदूर पश्चिम प्रदेशमा नेपाली कांग्रेसका कमल बहादुर शाह मुख्यमन्त्रीमा नियुक्त भएका छन् ।

प्रदेश प्रमुख देवराज जोशी संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतमा शाहलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

विश्वासको मत नपाएपछि सुदूरपश्चिमका मुख्यमन्त्री राजेन्द्र रावल पदमुक्त भएका थिए ।

२७ पुसमा नागरिक उन्मुक्ति पार्टीको समेत समर्थनमा मुख्यमन्त्री नियुक्त भएका रावलले संविधान अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो ।

जस अनुसार उनी मुख्यमन्त्री भएको ३० दिन बिहीबार पूरा भएको छ । तर विश्वासको मत लिने दिन नागरिक उन्मुक्ति पार्टीका सांसद प्रदेश सभामा अनुपस्थित भएपछि रावलले विश्वासको मत पाउन नसकेका हुन् ।

रावल पदमुक्त भएपछि प्रदेश प्रमुख जोशीले नयाँ मुख्यमन्त्री नियुक्त गरेका हुन् । नवनियुक्त मुख्यमन्त्री शाहले ३० दिनभित्र विश्वासको मत लिनु पर्ने छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# चित्लाङ-चन्द्रागिरी सडकको निरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ उत्तरी क्षेत्रको 'समृद्धि ढोका' भनेर परिचित चित्लाङ-चन्द्रागिरी सडकको निरीक्षण गरिएको छ ।

सडकको प्रतिनिधि सभामा मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलासहित सडक विभागका महानिर्देशक अर्जुन जंग थापाले निरीक्षण गरेका हुन् । सडक सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेको सडक भएको तथा यसले मकवानपुरको उत्तरी भेगको जनजिविकामा प्रत्यक्ष लाभ पुग्ने भएकोले सडकको स्तरिकरण तथा पुर्ण कालोपत्रे हुनुपर्ने सांसद बर्तौलाले जोड दिएका छन् । बर्तौलाले स्थानीय सरोकार समितिको संयोजनमा चित्लाङका स्थानीय बासिन्दाहरुसँग सडक स्तरोन्नतीका विषयमा छलफलसमेत गरेका छन् । उनले सडक स्तरोन्नतीका लागि आफूले ध्यान दिइरहेको बताए । सम्बन्धित निकायको ध्यानाकर्षण गराउनेमा आफू सक्रिय भइरहने उनको भनाई छ ।



सडक विभागका महानिर्देशक थापाले सडकको केही खण्डहरु सुधार गर्नुपर्ने, केही क्षेत्रमा कटिङ गर्नुपर्ने, नाला व्यवस्थापन तथा कालोपत्रे अबको प्रमुख काम रहेको जानकारी दिए । अहिले कच्ची सडक भएर नै थानकोटदेखि हेटोंडा तथा बिरगंज मालबाहक गाडी, तरकारी गाडीहरु सञ्चालन भइरहेका छन् । चित्लाङ-चन्द्रागिरी सडक पूर्ण रुपमा निर्माण सम्पन्न भएपछि इन्द्रसरोबर र थाहा नगरपालिकाको पर्यटनमा उल्लेख्य विकास हुने विश्वास लिइएको छ । हाल धेरै संख्यामा आन्तरिक पर्यटकहरु थाहा नगर क्षेत्रको नेवा: साँस्कृतिक विविधता, स्थानीय होमस्टे तथा इन्द्रसरोवरको तालसँग रमाउँदै दामन घुम्न आउने गरेका छन् ।

चित्लाङ-चन्द्रागिरी सडकको सुरुवाती बिन्दु मानिएको चनिवन ब्यारेकबाट काठमाडौंको थानकोट प्रहरी चेक पोष्टसम्म १८ किमि दुरीको सडक रहेको छ । चित्लाङ फेदीबाट थानकोट १२ किमि मात्रै रहेको छ । यो सडकको १८ किमि दुरी पार गर्न अहिले सरदर बाईकहरु ३५ मिनेट तथा मोटर गाडी ५० मिनेट लगाउने गरेकोमा कालोपत्रे भएपछि आधा घण्टाको बाटो हुन सक्ने सडक सरोकार समितिका प्रतिनिधि बुद्धरत्न मानन्धर बताउँछन् । मानन्धरका अनुसार सडक सरोकार समितिको १७ महिनाको मिहेनतबाट बाटो सुधार भएर सचारु भएको छ ।

सडक अनुगमनमा सांसद महेश बर्तौला, सडक विभागका महानिर्देशक अर्जुन जंग थापा, सडक सरोकार समिति, स्थानीय बुद्धिजिविडा. रामहरी लामिछाने तथा हरिहर लामिछानेलगायतको उपस्थिति थियो ।

# कैलाशमा अध्यक्षकप फुटबल र उपाध्यक्षकप भलिबल हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ कैलाश गाउँपालिकाले अध्यक्षकप फुटबल प्रतियोगिता र उपाध्यक्षकप भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

फुटबल प्रतियोगिता फागुन २७ गतेदेखि ३० गतेसम्म नामटारमा र भलिबल प्रतियोगिता फागुन २० गतेदेखि २२ गतेसम्म कालिकाटारमा सञ्चालन हुने गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए । प्रतियोगितामा प्रत्येक वडाबाट १/१ वटा टीमले सहभागिता जनाउने छन् ।

'गाउँपालिकाले खेलकुदलाई प्राथमिकता दिएको छ । यहाँ थुप्रै राम्रो फुटबल, भलिबलका खेलाडीहरु हुनुहुन्छ,' मुक्तानले भने- 'उहाँहरुको वृत्तिविकासमा मद्दत पुगोस र पहिचान मिलोस भनेर हामीले यो प्रतियोगिता राखेका हौं,' शिल्ड र पुरस्कार राशीको सम्बन्धमा निर्णय गर्न खेलकुद समितिलाई निर्देशन दिइएको अध्यक्ष मुक्तानले जानकारी दिए ।

# उपाधिका लागि ३ र ७ नम्बर वडा भिड्ने

साझाकुरा संवाददाता


हेटौंडा, २६ माघ/ जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा भइरहेको गाउँपालिका स्तरीय फुटबल प्रतियोगिताको फाइनलमा डिफेन्डिङ च्याम्पिएन ३ र ७ नम्बर वडा पुगेका छन् ।

भीरकोटको खेल मैदानमा बिहीबार भएका दुई वटा सेमिफाइनल खेलमा जित निकाल्दै ३ र ७ नम्बर वडा उपाधि नजिक पुगेका हुन् । ३ र ७ नम्बर वडाले फाइनलमा १ लाख ५० हजार नगदसहित शिल्ड र मेडल जित्न प्रतिस्पर्धा गर्नेछन् । उपविजेता हुनेले १ लाख नगदसहित शिल्ड र मेडल पाउने छ । बकैया गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा भइरहेको प्रतियोगिताअन्तर्गत् सेमिफाइनल खेलमा ३ नम्बर वडाले ६ नम्बर वडालाई ४-० को फराकिलो गोलअन्तरले पराजित गरेको थियो । आयुष नेगीले २, छेवाङ लामा र रोमन घलानले समान १-१ गोल गर्दै ३ नम्बर वडालाई उपाधि होडमा पुर्‍याए ।

अर्को सेमिफाइनल खेलमा ७ नम्बर वडाले ८ नम्बर वडालाई २-१ गोलअन्तरले निरीह बनाएको हो । टिमलाई फाइनल पुर्‍याउन समिर राई र विकास लोप्चनले समान १-१ गोल गरेका थिए । ८ नम्बर वडाका विशाल घलानले एक गोल गरे । बकैया गोल्डकपको साविक विजेता ३ नम्बर वडालाई जित्न ७ नम्बर वडालाई कठिन देखिएको छ । ३ नम्बर वडा पुन: प्रतियोगिता जित्ने योजनामा छ भने ७ नम्बर वडा ३ नम्बर वडालाई रोक्ने दाउमा छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ पाउने छन् ।


आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

## हार्दिक समवेदना



जन्म: १९९८/०८/१० स्वर्गारोहण: २०७९/१०/१४

स्व. माईला भ्लोन

यस क्लबका कार्य समिति सदस्य श्री श्याम कुमार तामाङ्ग (अमर), दाजु श्री राम कुमार तामाङ्ग र भाई देब कुमारतामाङ्गको पुजनीय पिता **माईला भ्लोन**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवार एवम् आफन्तजनप्रति धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजकुमार श्रेष्ठ (अध्यक्ष) एवम्
**पशुपति यूवा क्लब**
हेटौंडा-९, परिवार


# मनाइयो सुशील कोईरालाको ८ औं स्मृति दिवस

साझाकुरा संवाददाता


हेटौंडा, २६ माघ/ नेपाली कांग्रेस मकवानपुरले कांग्रेसका पूर्व सभापति एवं पूर्व प्रधानमन्त्री सुशील कोईरालाको ८ औं स्मृति दिवस मनाएको छ ।

बिहिबार हटौंडा उपमहा नगरपालिका वडा नम्बर २ मा रहेको वीपी स्मृति भवनमा स्व. कोइरालाको फोटोमा माल्यार्पण गर्दै कांग्रेसले कोइरालाको स्मृति दिवस मनाएको हो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, उपसभापति आनन्दराम कठाएत, निवर्तमान कार्यवहाक सभापति विष्णुप्रसाद लामिछाने, पूर्व जिल्ला सभापति रामचन्द्र आर्याल माइकल, जिल्ला सचिव भिमसेन महत, सहसचिव द्वय इन्दिरा न्यौपाने एवं ताराचन्द्र बजागाईं निशान, अनुशासन समितिका संयोजक प्रभात दहाल, प्रतिनिधि सभा क्षेत्र नम्बर १ का सभापति दामोदर खनाल, नेविसंघका अध्यक्ष राजु खतिवडा, तरुण दल मकवानपुरका सचिव सचित थापा लगाएतले स्व. कोइरालाको फोटोमा पुष्पगुच्छा चढाएर सम्मान प्रकट गरेका थिए ।

२०७२ साल माघ २६ गते कोइरालाको निधन भएको थियो । कोइराला २०६७ भदौ २५ मा नेपाली कांग्रेसको सभापति बनेका थिए । पार्टी सभापति रहेकै बेला उनको निधन भएको थियो । २०७० साल माघ २७ गते देशका ३७ औं प्रधानमन्त्रीका रुपमा निर्वाचित भएका कोइरालाले २०७२ असोज २३ गते पदबाट राजीनामा दिएका थिए । उनको कार्यकालममा देशले नयाँ संविधान पाएको थियो । उनलाई नेपाली राजनीतिमा सादगी र निष्ठावान नेताका रुपमा लिने गरिन्छ ।

# आल्मदमार-भोर्ले सडकको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ हेटौंडा उपमहानगरपालिका-१२, स्थित आल्दमार-भोर्ले सडकको बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले शिलान्यास गरेका छन् ।

प्रदेश सरकारको २० लाख रुपैयाँको लगानीमा निर्माण आरम्भ गरिएको सडक २ सय ५ मिटर लम्बाई र ६ मिटर चौढाईको बन्ने जनाइएको छ ।

सडक निर्माणपछि वडा नम्बरबर १२ का बासिन्दाले वडा नम्बर ११ नवलपुरमा निर्माण भएको नयाँ पक्कीपुलबाट हेटौंडा बजार क्षेत्रमा आवतजावतको लागि सहज अवस्था हुनेछ । बागाती प्रदेश सरकारको लगानी रहेको स्ल्याब ढलानसहितको सडक शिलान्यास गर्दै मन्त्री श्रेष्ठले बागमती प्रदेश सरकार जनतालो थाहा पाउनेगरि विकासको गतिविधिमा अघि बढने बताए ।

प्रदेश सरकार गठन भएपछि जनताले विकासको लहर आएको अनुभव गर्न पाएको बताउँदै उनले सरकारले विकासका थप गतिविधिलाई अघि बढाउँदै प्रदेशमा सुशासन कायम गर्न समेत अघि बढने धारणा व्यक्त गरे ।

# रातोमाटेबाट भोलन र स्याङतान पक्राउ

हेटौंडा, २६ माघ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानरपालिका-१५, स्थित रातोमाटेबाट लागुऔषध गाँजा ओसार पसार गरेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिएको छ ।

हेटौंडा उपमहानरपालिका-१५ घर भएका १९ वर्षीय सरोज भोलन र मकवानपुरगढी गाउँपालिका-८ घर भएका १८ वर्षीय प्रकाश स्याङतानलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी रातोमाटेबाट खटिएको टोलीले उनीहरुलाई बुधबार साँझ १ किलो २ सय ग्राम लागुऔषध गाँजासहित पक्राउ गरेको हो । भोर्लेबाट रातोमाटे हाईवेतर्फ निस्किँदै गरेको ना ४० प ४१७ नम्बरको मोटरससाइकललाई जाचँ गर्दा उनीहरुको साथबाट गाँजा फेला परेको जिल्ला प्रहरी कायालय मकवानपुरले जनाएको छ ।


थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।



**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


# सरकारले औद्योगिकरणमा जोड दिनुपर्छ : प्रदेश प्रमुख शर्मा

साझाकुरा संवाददाता



हेटौंडा, २६ माघ/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले राष्ट्रमा देखिएको आर्थिक संकट सामना गर्न प्रदेश सरकारले औद्योगिकरणमा जोड दिनुपर्ने बताएका छन् ।

बिहिबार बागमती प्रदेशसभालाई विशेष सम्बोधन गर्दै प्रदेश प्रमुख शर्माले यस्तो बताएका हुन् । उनले प्रदेश सरकारले उत्पादनलाई जनजिविकाको सुत्रमा जोडेर औद्योगिकरण प्राथमिकतामा राख्नुपर्ने बताए । शर्माले किसानले मेहनत गरेर उत्पादन गरेको फसललाई सडकमा फाल्नुपर्ने दिन आउन नदिन प्रदेश सरकार सचेत हुनुपर्ने बताए । शर्माले भने 'परम्परागत निर्वाहमुखि कृषि प्रणालीलाई आधुनिक व्यवसायीक कृषि प्रणालीमा रुपान्तरण गर्ने वातावरण निर्माण गरी कृषिक्षेत्रमा आत्मनिर्भर हुने गरी योजना तर्जुमा गर्न विलम्ब गर्नुहुँदैन ।

किसानहरुले उत्पादन गरेको फसलहरुको बजार सुनिश्चित गर्ने,उन्नत किसिमका मल, बिउ-विजन र प्रविधी उपलब्ध गराउने लगायतका किसानमैत्री नीति तर्जुमा गरी बिक्री नभएर सडकमा फसल फ्याँक्नुपर्ने कहालीलाग्दो अवस्थाबाट मूक्त भई निर्धक्कतापूर्वक कृषकले सकेजती उत्पादन गर्ने र सरकारले बजार व्यवस्थापन गरिदिनुपर्छ ।'

प्रदेशमा हाइट्रोजन प्लान्ट स्थापना गरी उर्जाको क्षेत्रमा बृहत परिवर्तन ल्याउने सम्भावना यो प्रदेशले बोकेको उनले बताए । 'वन क्षेत्रको संरक्षण र सम्बर्द्धन गरी हेटौंडाको सम्भावित क्षेत्रमा मरिज, अलैची, केरा, आँप, लिची, भूइकटहर, एबोकाडो खेति गर्नुपर्छ । हाम्रो खानपानमा सुधार गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । हामीले यस क्षेत्रमा काम गर्दा बालि विज्ञ र माटो विज्ञसँग घनिभूत छलफल गरी कुन स्थानमा के-के लगाएर उत्पादन बढाउन सकिन्छ भनेर छलफल गर्न आवश्यक रहन्छ ।

परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक व्यवसायिक कृषि प्राणालीमा रुपान्तरण गरी कृषि क्षेत्रमा योजना तर्जुंमा गर्न बिलम्ब गर्नु हुदैन',उनले भने । प्रदेश प्रमुख शर्माले बागमती प्रदेश सरकारले अब ठुला आयोजनालाई ध्यान दिनुपर्नेमा जोड दिएका छन् । संवोधनको क्रममा शर्माले भने 'बजेट निर्माण र विनियोजन प्रणालीमा हिजो र आजबीच तात्विक अन्तर नभएको गुनासो सम्बोधन हुनुपर्छ ।

हामीले बजेट विनियोजन गर्दा ठूला ठूला जलविद्युत आयोजनाहरु, नमूना कृषि फार्महरु, प्राविधिक शिक्षालयहरु र उद्योगहरुको स्थापना गर्नेतर्फ लक्षित गर्न सक्यौं भनेमात्र रोजगारीका अवसरहरु सृजना हुनेछन्, उत्पादनमा वृद्धि हुनेछ, निर्यात् बढ्नेछ र समग्र देशको अर्थतन्त्रमा देखिएको संकट सामना गर्न मद्दत पुग्नेछ ।'

# पिप्लेलाई सिधै सेमिफाइनल प्रवेशको अबसर

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ सर्लाहीमा जारी राजर्षि जनक कप फुटबल प्रतियोगिताको सातौं संस्करणमा हेटौंडाको चर्चित पिप्ले युवा क्लबले सेमिफाइनल यात्राका लागि प्रतिस्पर्धा गर्ने भएको छ ।

बुधवारबाट सुरु प्रतियोगिताको अघिल्लो संस्करणको विजेता पिप्ले युवा क्लब हो । डिफेन्डिङ च्याम्पियनको हैसियतमा पिप्ले युवा क्लबले प्रतियोगिताको क्वाटरफाइनल खेल खेल्दैछ । २९ माघमा पिप्ले युवा क्लब हेटौंडाले क्वाटरफाइनलमा ज्वलाखेल युथ क्लबसँग भिड्ने भएको हो । बागमती गोल्डकपको पाँचौ र छैठौ संस्करण पिप्ले युवा क्लबले जितेको थियो ।

पिप्लेले पाचौं संस्करणमा आयोजक बागमती युवा क्लबलाई र छैठो संस्करणमा ए डिभिजन लिग बिजेता मच्छिन्द्रलाई हराएर उपाधि जितेको प्रशिक्षक सुबिन घिमिरेले जानकारी दिए । जावलाखेलमाथि जित निकाले पिप्ले अन्तिम चारमा प्रवेश गर्नेछ ।

बागमती नगरपालिका खेलकुद विकास समिति र बागमती युवा क्लब सर्लाहीको आयोजनामा प्रतियोगितामा भएको हो । ज्वलाखेलले बुधवार सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई १-० को गोल अन्तरले हराएसँगै पिप्लेसँगको भेट पक्का भएको थियो ।

प्रतियोगितामा पिप्ले सहित १२ वटा टिमले सहभागिता जनाएका छन् । आयोजकका अनुसार नेपाल पुलिस क्लब र एपिएफ क्लब, मच्छिन्द्र फुटबल क्लब, जावलाखेल युथ क्लब, संकटा क्लब, चर्च ब्वाइज युनाइटेड, साबिक विजेता पिप्ले युवा क्लब, सुदूरपश्चिम- ११, धनगढी, धरान फुटबल क्लब धरान, नवजनजागृति फुटबल क्लब सिमरा, पाहुना टोली युनाइटेड कुर्सेङ फुटबल क्लब दार्जिलिङ र आयोजक बागमती युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताका विजेताले १० लाख र उपविजेताले पाँच लाख नगद पुरस्कार जित्नेछ ।





**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसावको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना